नेपाल नागरिक उड्डयन प्राधिकरण

## नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान

सानोठिमी, भक्तपुर

# Basic ATS -008 तालिमको लागि दरखास्त आव्हानको सूचना

(प्रकाशित मिति : २०८०/११/११)

श्री लोकसेवा आयोगको सहमति बमोजिम यस प्रतिष्ठानद्वारा संचालन गरिने Basic Air Traffic Service Course, (CAAN ATS-008) तालिमको लागि खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा देहाय बमोजिम १६ जना प्रशिक्षार्थी छनौट गर्न तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रीत पूर्वकको अनलाईन दरखास्त आब्हान गरिएको छ ।

| सि.नं. | बिज्ञापन नं. | समावेशी र खुल्ला | प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १. | १/०८०/०८१ | खुल्ला | ९ (नौ) |
| २. | २/०८०/०८१ | महिला | २ (दुई) |
| ३. | ३/०८०/०८१ | आदिवासी/जनजाति | २ (दुई) |
| ४. | ४/०८०/०८१ | मधेशी | १ (एक) |
| ५. | ५/०८०/०८१ | अपाङ्ग | १ (एक) |
| ६ | ६/०८०/०८१ | पिछडिएको क्षेत्र | १ (एक) |

***विज्ञापन सम्वन्धी विशेष सूचना : "सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।"***

**दरखास्त फाराम पेश गर्ने अन्तिम मिति** : २०८०/१२/०१ गतेसम्म

**दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८०/१२/०८ गतेसम्म

**दरखास्त दिने स्थान** : नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको वेवसाईट www.academy.caanepal.gov.np वा jobs.caanepal.gov.np मा गई Online Application Form भर्नु पर्नेछ ।

**दरखास्त तथा परीक्षा दस्तुर :** दरखास्त वापत रु. २००।- र परीक्षा दस्तुर रु. १२००।– गरी कुल रु. १४००।- (चौध सय रुपैयाँ मात्र) तर एक भन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि ५०% थप परीक्षा दस्तुर लाग्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

**पाठ्यक्रमः** प्रतिष्ठानको वेवसाईटमा राखिएको छ । आवश्यक भएमा रु. १००।– दस्तुर तिरी खरीद गर्न सकिने छ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट बिज्ञान वा IT (सूचना प्रविधि) वा व्यवस्थापन वा ईन्जिनियरिङ्ग बिषयको स्नातक तहमा कम्तिमा द्वितीय श्रेणी वा CGPA 2.5 प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।

**उमेर** : दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८०/१२/०१ गतेसम्म २१ बर्ष उमेर पूरा भै २७ बर्ष ननाघेको ।

**परीक्षाको किसिम** : १) लिखित परीक्षा २) अन्तर्वार्ता ३) स्वास्थ्य परीक्षण

क) लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले त्रि.वि. विश्व भाषा क्याम्पसबाट English Language Proficiency Test कम्तिमा Grade-B उत्तीर्ण गरेको सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

ख) लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले नेपाल नागरिक उड्डयन प्राधिकरणले तोकेको नागरिक उड्डयन स्वास्थ्य परीक्षक/सुपरीवेक्षकबाट आफ्नै खर्चमा स्वास्थ्य परीक्षण गराई ATC Licensing Class III Medical Report बाट ATC तालिमका लागि योग्य सिफारिस भएको हुनु पर्नेछ ।

**लिखित परीक्षा कार्यक्रम :** पछि प्रकाशित गरिनेछ । लिखित परीक्षा श्री लोकसेवा आयोगबाट संचालन हुनेछ ।

**तालिम अवधि**ः १ (एक) बर्षको हुनेछ ।

**दरखास्त साथ संलग्न हुनु पर्ने कागजातहरु :**

क) आवेदन फारामसाथ हालसालै खिचिएको पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, न्युनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, प्रमाणपत्र वा सोको प्रोभिजनल, चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

ख) विदेशी विश्वविद्यालयबाट उत्तीर्ण भएका उम्मेदवारहरुले त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग) आवश्यक डकुमेण्ट तथा अन्य कागजातहरु आवेदन दिने अन्तिम मिति (सिंगल दस्तुर सहितको) २०८०/१२/०१ भित्र प्राप्त गरिसकेको हुनु पर्नेछ ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने कागजातहरु :**

क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गरेको प्रतिलिपि दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

ग) अपाङ्गको हकमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

घ) पिछडिएको क्षेत्रको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ मा तोकिएका सम्बन्धीत जिल्लाबाट प्राप्त नागरिकताको प्रमाणपत्र र स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा तिन महिना अगाडि सम्मको सिफारिस ।

**दरखास्त तथा परीक्षा सम्बन्धी विशेष शर्त तथा जानकारी :**

क) रीत नपुगेका, म्याद नाघी प्राप्त हुन आएको र उम्मेदवारहरुले दरखास्त फारामसाथ पेश गरेका नागरिकता, शैक्षिक योग्यता लगायतका कागजात/प्रमाणपत्रमा उम्मेदवार तथा उम्मेदवारहरुको तीन पुस्तेको नाम, थर आदि फरक परेमा आधिकारिक निकायबाट नाम, थर आदि पुष्टि हुने कागजात पेश नगरेको खण्डमा त्यस्ता उम्मेदवारको दरखास्तमा कुनै कारवाही हुने छैन । साथै कुनै पनि शर्त राखी दरखास्त फाराम पेश गर्न पाईने छैन ।

ख) खुल्ला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षा संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

ग) दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन साविक बमोजिमकै दरखास्त दस्तुर तिरी दरखास्त फाराम पेश गर्न सकिनेछ । तर दोब्बर दस्तुर तिरी फाराम पेश गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट दरखास्त फाराम बुझाउन सकिने छैन ।

घ) आँखाको कलरभिजनमा समस्या भएका, कानमा समस्या भएका, भकभकाउने, काम्ने–थरथराउने जस्ता व्यक्तिहरु ATC तालिमका लागि अयोग्य ठहरिने व्यहोरा आवेदकहरुलाई अग्रिम जानकारी गराईन्छ । प्राधिकरणबाट जारी भएको Medical Class-III Requirements बमोजिमको स्वास्थ्य परीक्षण पुरा गरेको हुनुपर्नेछ ।

ङ) कुनै कारणबस परीक्षा स्थगित भएमा वा रद्ध भएका परीक्षा दस्तुर फिर्ता गरिनेछ । तर फाराम अस्वीकृत भएमा दस्तुर फिर्ता गरिने छैन ।

च) प्रशिक्षणका लागि प्रशिक्षार्थी छनौट भै तालिम उत्तीर्ण गरेपश्चात् प्राधिकरणको रिक्त दरबन्दीमा नियमानुसारको प्रक्रिया पूरा गरी नियुक्ति गरिनेछ । यसरी नियुक्ति दिईएका जनशक्तिहरुलाई काठमाडौ उपत्यका बाहिरका जिल्ला स्थित नागरिक उड्डयन कार्यालयहरुमा कम्तिमा शुरुका २ (दुई) बर्ष कामकाज गर्ने गरी खटाईनेछ ।

यो सूचना नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान र नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाइटहरु क्रमशः www.academy.caanepal.gov.np, www.caanepal.gov.np बाट पनि हेर्न सकिनेछ ।